नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ४, संख्याः २, जेठ ४ गते, २०७७ साल**

व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## अनुगमन कार्यविधि, २०७७

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।२।२

**<u>प्रस्तावनाः</u>** व्यास नगरपालिकाद्वारा संचालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई अनुगमनको माध्यमबाट पारदर्शी, दिगो र जनसहभागितामूलक बनाई सुशासन प्रवर्द्धन गर्दै नतिजामूखी बनाउन वान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र व्यास नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “अनुगमन कार्यविधि २०७७” रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कार्यविधि” भन्नाले व्यास नगरपालिकाको अनुगमन कार्यविधि, २०७७ सम्झनुपर्छ ।

(ख) “नगरपालिका” भन्नाले व्यास नगरपालिकाको कार्यालय, तनहुँ सम्झनुपर्छ ।

(ग) “अनुगमन” भन्नाले योजना, आयोजना तथा कार्यक्रमहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ/छैन र कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई अपेक्षित उपलब्धि हासिल भएको छ/छैन भनी नगर कार्यपालिकाद्वारा तोकिएका पदाधिकारी तथा कर्मचारीहरुद्वारा निरन्तर र आवधिक रुपमा निगरनी राख्ने कार्यलाई सम्झनुपर्छ ।

(घ) “अनुगमन समिति” भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित नगरपालिकास्तरको अनुगमन तथा मूल्यङ्कन समिति सम्झनुर्पछ ।

## परिच्छेद २
## अनुगमन समिति

३. **अनुगमन समितिः** (१) नगरपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई नतिजामूखी बनाउन देहायका सदस्यहरु रहेको एक अनुगमन समिति रहनेछः

| | |
|---|---|
| (क) नगरपालिकाको उपप्रमुख | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) नगर कार्यपालिकाले तोकेको दुई जना बोर्ड | सदस्य |
| (घ) योजना अनुगमन शाखा/उपशाखा प्रमुख | सदस्य सचिव |

तर, उक्त समितिका सदस्यका अतिरिक्त योजनाहरुको गुणस्तरीयता कायम गर्नका लागि नगर प्रमुख स्वयं वा प्रतिनिधि खटाई योजनाहरुको विशेष अनुगमन गर्न बाधा पुगेको मानिने छैन । साथै पूर्वाधार समितिको संयोजकलाई अनुगमन कार्यमा सहभागी गराइने छ ।

(२) नगरपालिका वा वडा स्तरबाट सञ्चालित पाँच लाख रुपैयाँ भन्दा बढिका योजनाहरुको हकमा योजनाको सार्वजनिक परीक्षण गर्दा नगरपालिकाबाट तोकिएका प्रतिनिधिको रोहवरमा गर्नुपर्नेछ र सो समयमा योजना अनुगमन समितिका पदाधिकारीको समेत सहभागिताको लागि प्रयास गरिनेछ ।

(३) वडास्तरमा सञ्चालित कुनैपनि योजनाहरुको अनुगमन वडा समितिबाट पनि निरन्तर रुपमा गरिनेछ । उक्त अनुगमनमा देखिएका कुराहरु वडा अध्यक्ष मार्फत नगरस्तरीय अनुगमन समिति समक्ष पेश गरिनेछ ।

(४) वडास्तरीय योजनाको अनुगमन सुपरीवेक्षण गर्दा सम्बन्धित वडाका वडा अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा राखिनेछ ।

४. **अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः** (१) दफा ३ को उपदफा (१) बमोजिम गठित नगरपालिका स्तरको अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगरपालिकामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित वा आवधिक अनुगमन गर्ने,

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा नगर सभा था नगर कार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने,

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु उचित ढंगले व्यवस्थापन गर्ने,

(घ) अनुगमन प्रतिवेदन तयार गरी पेश गर्ने,

(ङ) नगर सभा, नगर कार्यपालिका तथा नगर प्रमुखले तोकेको अन्य कार्यहरु गर्ने,

(च) अन्तिम अनुगमनका क्रममा उपभोक्ता समिति वा प्राविधक इस्टिमेट बमोजिमको कार्य नभएको पाइएमा कारवाहीका लागि सिफारिस गर्ने ।

५. **आयोजनाको प्रभाव मूल्याङ्कनः** (१) पाँच करोड रुपैयाँ भन्दा बढी लागतका आयोजनाहरुको योजना सम्पन्न भएको दुई वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराउनुपर्नेछ ।

(२) नगरपालिका वा वडास्तरीय योजनाहरु मध्ये पाँच लाख रुपैयाँ भन्दा कम लागतका योजनाहरुको हकमा वडा समितिबाटै प्राविधिकलाई सहभागी गराई गरिएको अनुगमन प्रतिवेदन सहितको सिफारिसका आधारमा रकम भुक्तानीका लागि सिफारिस गर्नेछ ।

(३) वडास्तरीय समितिबाट प्राप्त अनुगमनका आधारमा भएको सिफारिस उपर कुनै गुनासो आएमा वा आवश्यक ठानेमा नगरस्तरीय समितिबाट अनुगमन गरिनेछ ।

## परिच्छेद ३
## अनुगमन सुविधा

६. **अनुगमन तथा मूल्याङ्कन सुविधाः** (१) दफा ३ को उपदफा (१) बमोजिमको अनुगमन समितिको पदाधिकारी तथा कर्मचारीहरुले देहायको दरमा अनुगमन सुविधा प्राप्त गर्ने छन् ।

(क) तहगत रुपमा निर्धारण गरिएको दैनिक भ्रमण भत्ता बराबरको रकम ।

## परिच्छेद ४
## अनुगमन प्रतिवेदन

७. **अनुगमन प्रतिवेदनः** दफा ३ को उपदफा (१) बमोजिम गठित अनुगमन समितिले अनुसूची १ बमोजिमको ढाँचामा अनुगमन प्रतिवेदन तयार गरी नगर प्रमुख मार्फत नगर कार्यपालिका बैठकमा पेश गर्नुपर्नेछ ।

८. **<u>प्रतिवेदन पेश गर्ने अवधिः</u>** (१) दफा ३ को उपदफा (१) बमोजिमको समितिले अनुसूची १ बमोजिमको प्रतिवेदन एक महिनाभित्र नगर प्रमुख र नगर कार्यपालिका बैठक समक्ष पेश गर्नुपर्नेछ ।

## परिच्छेद ५
## <u>विविध</u>

९. **<u>बाधा अड्काउ फुकाउ तथा संशोधनः</u>** (१) यो कार्यविधि कार्यान्वयनको सन्दर्भमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही नगर कार्यपालिकाको हुनेछ ।

अनुसूची १
(परिच्छेद ४ को दफा ७ सँग सम्बन्धित)
व्यास नगरपालिका
तनहुँ
<u>योजना अनुगमन समितिको प्रतिवेदन</u>

श्री नगर प्रमुखज्यू,
व्यास नगरपालका
तनहुँ ।

व्यास नगरपालिकाको नगर सभाले आ.व. ................ मा सञ्चालनका लागि पारित गरेको तपसिल बमोजिमको योजना सञ्चालन पश्चात् नगरस्तरीय/वडास्तरीय अनुगमन टोलीले योजनाको अनुगमन प्रतिवेदन

१. योजनाको नामः ....................................

२. योजना सञ्चालन भएको स्थानः .....................

३ विनियोजित रकमः ................................ जनश्रमदानः ................................ कूल लागतः .............................

४. सम्झौता मितिः ........................, सम्पन्न गर्नुपर्ने मितिः ........................... र सम्पन्न भएको मितिः ...............

५. अनुगमनका क्रममा देखिएका समस्याहरुः

| क्र.स. | व्यहोरा | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १. | स्वीकृत लागत अनुमान बमोजिमको कार्य | | | |
| २. | उपभोक्ता समितिको तर्फबाट लागत सहभागिता | | | |
| ३. | सार्वजनिक परीक्षण (उपस्थित संख्या समेत उल्लेख गर्ने) | | | |
| ४. | आयोजना सूचना पाटी (सबैले देख्ने ठाउँमा) | | | |

६. आयोजना सञ्चालनमा देखिएका समस्याहरुः
(१) ....................................................................
(२) ....................................................................
(३) ....................................................................

७. अनुगमन समितिको सुझावहरुः
(१) ....................................................................
(२) ....................................................................
(३) ....................................................................

८. अनुगमन समितिको निष्कर्षः

.........................................................................
.........................................................................
.........................................................................
.........................................................................

९. अनुगमनमा संलग्न पदाधिकारीहरुः

| क्र.सं. | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |

आमन्त्रितः

| क्र.सं. | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

अनुगमन समितिको संयोजकको हस्ताक्षरः
नाम, थरः
पदः
मितिः

आज्ञाले
दिनेश राज पन्त
प्रमुख प्रशासकीय अधिकृत